ISSN 2631-2336
© Journal of Education Research and Innovation
Vol.4 No.1 (2024)

# बालविकास कक्षामा भाषा सिकाइका सन्दर्भमा शैक्षिक सामग्रीको उपयोग

**नानीमाया राना**
**ग्र्याजुएट स्कुल अफ एजुकेसन**
**मध्यपश्चिम विश्वविद्यालय, वीरेन्द्रनगर, सुर्खेत**
ranaasmita 2042@gmail.com

**लेखसार**

*प्रस्तुत लेख भाषा सिकाइका क्रममा बालविकास कक्षामा प्रयोग गरिने शैक्षिक सामग्री प्रयोगको अध्ययनमा केन्द्रित छ । यो सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिकाभित्रका निजी र सामुदायिक गरी छओटा विद्यालयमा सञ्चालित बालविकास कक्षामा प्रयोग गरिएका शैक्षिक सामग्रीको प्रयोग र यसमा भइरहेका समस्या र समाधानका उपायहरू प्रस्तुत गर्ने उद्देश्यमा आधारित छ । यसका लागि वीरेन्द्रनगर नगरपालिकाभित्रका छओटा विद्यालयहरू छनोट गरी उक्त विद्यालयका बालविकास कक्षामा अध्यापनरत छ जना शिक्षक र छ जना प्रधानाध्यापकसँग अन्तर्वार्ता र छलफल गरिएको छ । यस किसिमले प्राप्त तथ्याङ्कको विश्लेषणबाट बालविकास कक्षामा श्रव्यदृश्य सामग्री, पोष्टर, कागतका शब्दपत्ती, अङ्कपत्ती लगायतका सामग्री प्रयोगमा ल्याइएको छ । शैक्षिक सामग्रीको उपलब्धता पर्याप्त मात्रामा भए तापनि प्रयोगको मात्रा कमजोर देखिन्छ । यसमा विद्यार्थी सङ्ख्या र प्रयोग दक्षताको अभावका कारण शैक्षिक सामग्रीको प्रयोग गर्न झन्झट मानेका छन् । शिक्षकहरू कक्षाकोठामा भाषा कक्षामा शैक्षिक सामग्री उपयोगको सैद्धान्तिक ज्ञान र व्यावहारिक सीपको प्रयोग पूर्ण रूपमा सफल देखिँदैनन् । बालविकास कक्षामा शैक्षिक सामग्रीको सङ्कलन, निर्माण र प्रयोग सम्बन्धमा उनीहरूलाई प्रोत्साहित गर्नुपर्ने देखिन्छ ।*

**मुख्य शब्दावली**: बालशिक्षा, व्यावहारिक, शैक्षिक सामग्री, श्रव्यदृष्य, उपकरण

## परिचय

प्रभावकारी शिक्षण गर्न शिक्षकले कक्षा शिक्षणका क्रममा सिकाइलाई सरल र सहज बनाउनको लागि उपयोग गरिने सामग्रीलाई शैक्षिक सामग्री भनिन्छ । शिक्षण सिकाइ क्रियाकलापको लागि शैक्षिक सामग्री महत्त्वपूर्ण साधन हो । विषयवस्तु प्रस्तुतिका क्रममा उपयोग गरिने जुनसुकै सामग्रीलाई उद्देश्यमूलक रोचक उत्प्रेरक, आकर्षक र चिरस्थायी बनाउन यसको ठूलो भूमिका हुन्छ । आजको युग वैज्ञानिक युग भएकाले शिक्षाको गुणस्तर विकास गर्न र शिक्षण कार्यमा अप्ठ्यारा जटिलतालाई हटाउनको लागि पाठ्यपुस्तक, शिक्षक निर्देशिका जस्ता पाठ्यक्रम सामग्री लगायत विभिन्न सामग्री र अन्य स्रोतबाट जुटाएका सामग्रीको प्रयोग गरिन्छ (शर्मा र पौडेल,२०७३, पृ.२३७) । पाठ्यपुस्तकमा दिइएका पाठका अतिरिक्त ती पाठलाई स्पष्ट गर्न, त्यसरी स्पष्ट गर्दा चाहिने उपयुक्त वातावरण बनाउन र सिकाइलाई स्थायी रूप दिन सहयोग गर्ने सामग्री नै शैक्षिक सामग्री हुन् (प्राथमिक शिक्षक तालिम पुस्तिका, २०५५, पृ.१८४) । शिक्षकले कक्षालाई रोचक र प्रभावकारी बनाउन प्रयोग गर्ने श्रव्य, दृष्य र श्रव्यदृष्य सामग्रीलाई नै शैक्षिक सामग्री भनिन्छ । यसले शिक्षण सिकाइको प्रक्रियामा सहयोग गर्दछ (डाबर, २०१२, पृ.५) ।  सिपहरूमा सक्षम बनाउन तथा तिनका पुरकका रूपमा भाषा तत्त्वहरूको स्तर अनुकूल सुझ बढाउन उपयोगी हुने जुनसुकै सामग्रीहरू नै भाषा शिक्षणका सामग्रीहरू हुन् (अधिकारी, २०६३, पृ.२२४) । शिक्षकले शिक्षण सिकाइ प्रक्रियालाई सहज बनाउन प्रयोग गर्ने उपकरण शैक्षिक सामग्री हो । यसद्वारा विद्यार्थीलाई शारीरिक, मानसिक, भावात्मक र वातावरणीय रूपमा संलग्न गराउन सकिन्छ (विशप, २०१३ पृ.१६) । कक्षा शिक्षणमा बालबालिकाहरूको निरन्तर उपस्थिति, सिकाइमा रूची, अर्थपूर्ण सिकाइ, कक्षा कार्यमा विषयवस्तु अनुरूप शैक्षिक सामग्रीहरूको प्रयोग गर्न अति आवश्यक देखिन्छ । शिक्षकले भाषा शिक्षण गर्दा शैक्षिक सामग्रीको प्रयोग गरेमा शिक्षण प्रभावकारी बन्दछ । कक्षाकोठा पनि आकर्षक देखिन्छ । यसको प्रयोगले विद्यार्थीले स्वतन्त्र रूपमा सिक्न सक्दछन् (लियोनार्ड, २०२४, पृ.७८) । त्यसैगरी लि र अन्य २०२४ का अनुसार शैक्षिक सामग्रीले मानसिक उत्तेजना र संवेगहरूलाई प्रवर्द्धन गर्ने काम गर्दछन् र यसको प्रयोगले समग्र

कक्षाकोठा आकर्षक बन्दछ । यस्ता सामग्रीमा ह्वाइटबोर्ड, प्रोजेक्टर, कम्प्युटर, ट्याबलेट, माइक्रोस्कोप, टेलिस्कोप पर्दछन् (पृ.३) । यसरी विद्यार्थीलाई रोचक वातावरणमा सिकाइ गर्नको लागि प्रयोग गरिने सामग्रीलाई शैक्षिक सामग्री भनिन्छ ।

बालबालिकाको उमेरअनुसार चौतर्फी विकास, सिकाइ क्षमता विकास, कक्षा एकमा विद्यालय भर्ना हुने तयारी गर्ने अभिप्रायले सञ्चालन गरेको केन्द्रलाई बालविकास केन्द्र भनिन्छ (खनाल, २०७८/१०/२२, पृ.२) । यस्तो केन्द्रमा नयाँ तीन वर्ष उमेर पुगेका बच्चा भर्ना लिने गरेको देखिन्छ । यस्ता केन्द्रमा शिक्षण क्रियाकलाप दैनिक चार घन्टाका दरले हप्ताको छ दिन सञ्चालन गरिन्छ र यस्ता बालबालिकालाई छुट्टा छुट्टै उमेर समूहमा राखेर अध्यापन गराइन्छ । बालबालिकालाई कक्षा भित्र अनिवार्य रूपले भाषा क्षेत्र, सिर्जनात्मक क्षेत्र, गणित क्षेत्र, विज्ञान क्षेत्र निर्माण र अभिनयको क्षेत्र जस्ता सिकाइ क्षेत्रहरूको व्यवस्था गरिएको हुन्छ (बराल, २०७८ पृ. ८) । बालबालिकाको सिकाइका लागि स्वतन्त्र खेल, सामग्रीको प्रयोगबाट प्राप्त गरिने अनुभव परिवेशअनुसारका स्वतन्त्र क्रियाकलाप शैक्षिक खेल र निर्देशित क्रियाकलापहरू सञ्चालन गर्नका लागि समयतालिका बनाइएको हुन्छ । ठाउँ, परिस्थितिअनुसार गरिने शैक्षिक क्रियाकलापहरू समयावधि मिलाएर गरिनु पर्दछ । बालबालिकाका लागि चयन गरिने क्रियाकलाप अर्थपूर्ण हुनुपर्छ । क्रियाकलाप छनोट गर्दा निर्धारित समयमा सकिने र व्यवहारिक जीवनमा प्रयोग गर्न सकिने खालका हुनुपदर्छ । अहिलेको युग विज्ञान र प्रविधिको युग भएको कारण अव परम्परादेखि चल्दै आएको व्याख्यान विधि सबै उमेर समूहका विद्यार्थीको लागि उपयोगी मान्न सकिँदैन । वर्तमान समयमा शिक्षण गर्दा प्रयोग गरिने सामग्रीहरू दिन प्रतिदिन बढ्दै गइरहेका छन् । दृश्य, श्रव्य, श्रव्यदृश्य र स्पर्श सामग्री गरी शैक्षिक सामग्रीलाई चार भागमा विभाजन गर्न सकिन्छ । शैक्षिक सामग्रीहरूको प्रयोगले बालविकास केन्द्रमा रहेका बालबालिको सिकाइमा महत्त्वपूर्ण भूमिका खेल्दछन् । शैक्षिक सामग्रीको प्रयोगबाट सिकाइ सरल, सहज, रूचिपूर्ण, प्रभावकारी र दिगो हुन्छ । वर्तमान समयमा विद्यार्थीहरूमा भाषिक सीप एवम् क्षमताको अभिवृद्धि गर्न र निर्दिष्ट उद्देश्य प्राप्त गर्नका लागि  यी सामग्रीहरूको विशेष भूमिका हुन्छ । शिक्षण सामग्रीको सहायताले पाठ्यवस्तुलाई रमाइलोसँग स्पष्ट तरिकाले बुझाएर शिक्षण गर्न सकिन्छ । दोस्रो भाषाका विद्यार्थीलाई शैक्षिक सामग्रीले उत्प्रेरणा प्रदान गर्न सहयोग गर्दछन् । बिना समस्या बालबालिका शिक्षण सिकाइ क्रियाकलापमा सहभागि हुन सक्दछन् । शैक्षिक सामग्रीको प्रयोगले उनीहरूको दिमागमा गहिरो छाप पर्न गएर स्मरण शक्ति बढाउन मद्धत गर्नुका साथै सिकाइलाई स्थायी बनाउने काम गर्दछ । पढ्न मन नलाग्ने झन्झटिलो तथा अलमलमा परेका विषयवस्तुलाई पनि रमाइलोसँग प्रष्ट्याउन मद्धत पुग्दछ । शैक्षिक सामग्रीको प्रयोग गर्दा शिक्षण खेल जस्तो भएर विद्यार्थीले सिक्ने प्रक्रियामा आनन्द लिने गर्दछन् । यसले जटिल कुरालाई पनि सरल बनाउन मद्धत गर्नुका साथै विद्यार्थीलाई सिकाइप्रति पनि चाहाना बढाउन मद्धत गर्ने भएकाले बालविकास कक्षाहरूमा शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको अवस्था के कस्तो रहेको छ भन्ने कुराको अध्ययन यस लेखमा गरिएको छ । बालबालिकालाई सैद्धान्तिक ज्ञान भन्दा प्रयोगात्मक ढङ्गले शिक्षण सिकाइ गराउन सके शिक्षण सिकाइ प्रभावकारी हुने भएकोले उक्त बाल विकास केन्द्रमा के कस्ता शैक्षिक सामग्रीको प्रयोग गरिएको छ भन्ने कुराको खोजी कार्य प्रस्तुत अध्ययनमा गरिएको छ ।

**सैद्धान्तिक आधार / ढाँचा**

शिक्षण सिकाइको क्रममा शिक्षकले प्रयोग गर्ने सम्पूर्ण सामग्रीहरूलाई शैक्षिक सामग्री भनिन्छ । शैक्षिक सामग्रीले शिक्षणलाई प्रभावकारी, आकर्षक र दिगो बनाउन सहयोग गर्दछन् । समय, परिवेश र वातावरणअनुसार गर्दा स्थानीय स्रोत साधनको बढी भन्दा बढी प्रयोग गरी शिक्षण गर्दा कम खर्चमा बढी सिकाइ हुने गर्दछ । विषयवस्तुअनुसार कक्षा शिक्षणमा उपयुक्त शैक्षिक सामग्रीको प्रयोग हुन आवश्यक छ । बालबालिकालाई विषयवस्तुतर्फ रूची जगाउन, शिक्षण दिगो बनाउन वर्तमान समयमा आएको प्रविधिगत शिक्षण सिकाइलाई पनि जोड दिइ शिक्षणमा आकर्षक गराउनु पर्दछ ।

शैक्षिक सामग्री शिक्षणको महत्त्वपूर्ण साधन हो । बालविकास केन्द्रमा बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि शैक्षिक सामग्रीको प्रयोग गरिएको हुन्छ । शिक्षण सिकाइमा शैक्षिक सामग्रीको बारेमा मानवतावादी लेखक इरासमस (१४६६-१५३६) सम्म सबैभन्दा पहिले शिक्षण सिकाइमा श्रव्य, दृश्य शैक्षिक

सामग्रीको आवश्यकता र महत्त्वको बारेमा बोलेको पाइन्छ । उनले शिक्षण सिकाइमा चित्र र दृश्य सामग्री प्रयोग गर्नाले स्मरण शक्ति वृद्धि हुने र सिकाइ दिगो हुन्छ भन्ने कुरा उठाएका थिए (ओटि र अन्य २०२४, पृ.११७) । उनको यो विचारबाट प्रभावित भएर जोन एमो कोमिनियस (१५९२-१६७०) ले आफ्नो पुस्तक वर्ड अफ सेन्स अब्जेक्टसमा मानव जीवनमा विविध आयाम झल्कने खालका १५० ओटा चित्र समेत राखेको देखिन्छ (कपुर, २०१९, पृ.७) । बाल विकासमा सिकाइका लागि यो पुस्तक ज्यादै नै प्रभावकारी सावित भयो । त्यसपछि दृश्य शिक्षाको महत्त्वका बारेमा नेल्सन ग्रीन्सले सन १९२६ मा व्याख्या गरेको पाइन्छ । श्रुतिपरम्पराबाट शिक्षण सिकाइ गर्ने प्रथा वैदिक कालदेखि नै रहेको पाइन्छ । एक सयओटा शब्दको अर्थ एउटा चित्रले इङ्गीत गर्दछ । त्यसैले शिक्षण सिकाइको विकासका लागि शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्ने देखिन्छ । शैक्षिक सामग्रीको प्रयोग बिना शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी हुन सक्दैन । वेद र श्रुतिपरम्परा एक पुस्ताबाट अर्को पुस्तामा सरेको पाइन्छ । कालान्तरमा यो कार्य जटिल बन्दै गए पनि यसलाई सजिलो पार्न सामवेदको सिर्जना भएको पाइन्छ (निरौला, २०७०, पृ. ५०) । तसर्थ शैक्षिक सामग्रीको उपयोगले सिकाइलाई स्थायी, दिगो र परिणाममुखी बनाउँछ । एक सयओटा शब्दको अर्थ एउटा चित्रले इङ्गित गर्दछ । त्यसैकारण शिक्षण सिकाइको विकासका लागि शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्ने देखिन्छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनमा वीरेन्द्रनगर नगरपालिकामा रहेका तीन वटा सामुदायिक र तीनवटा संस्थागत गरी जम्मा छ वटा विद्यालयका बालविकास कक्षालाई छनोट गरिएको छ । जसमा नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, विद्याज्योति निकेतन, मोडल एकेडेमी, चिल्ड्रेन प्याराडाइज माध्यमिक विद्यालय, हस्तवीर माध्यमिक विद्यालय चनौटे र बालमन्दिर रहेका छन् । उक्त बिद्यालयका बालविकास कक्षामा प्रयोग गरिने शैक्षिक सामग्री यस अध्ययनका केन्द्र रहेका छन् । प्रस्तुत अध्ययनमा अनुसन्धाता स्वयम् क्षेत्रीय अध्ययन विधिको प्रयोग गरेर नमुना छनोटमा परेका बालविकास केन्द्रमा गई अवलोकन गरी शैक्षिक सामग्रीको विवरण खोजी गरेर प्राथमिक सामग्रीको खोजी गरिएको छ । यसैगरी शैक्षिक सामग्री विश्लेषणका लागि शैक्षिक सामग्रीको सैद्धान्तिक विमर्श भएका बालविकास कक्षादेखि उच्च तहसम्म प्रयोग गरिएका शैक्षिक सामग्रीमा आधारित सामग्री तथा यस अध्ययनमा सम्बन्धित पूर्व अध्ययनलाई द्वितीयक सामग्रीका रूपमा चयन गरिएको छ । बालविकास कक्षाहरूमा प्रयोग गरिने शैक्षिक सामग्रीलाई अध्ययनको आधार बनाइएको छ । यसका लागि वीरेन्द्रनगर नगरपालिकाका विद्यालयमा सञ्चालित बालविकास कक्षाहरूमा प्रयोग गरिएका शैक्षिक सामग्रीहरूको विवरण, प्रयोगको अवस्थालाई तालिकामा प्रस्तुत गरेर व्याख्या विश्लेषण गरिएको छ भने शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्याका सम्बन्धमा शिक्षक र प्रधानाध्यापकबाट प्रश्नावली अन्तर्वार्ता, अवलोकन र छलफल गरेर तथ्याङ्क सङ्कलन गरिएको छ । शिक्षक र प्रधानाध्यापकसँग सोधिएका प्रश्नको उत्तरलाई तालिकामा प्रस्तुत गर्दा शिक्षक र प्रधानाध्यापकको नाम प्रस्तुत नगरेर शिक्षक १ देखि शिक्षक ६ सम्म सम्बोधन गरिएको छ भने प्रधानाध्यापकलाई पनि प्रधानाध्यापक १ देखि प्रधानाध्यापक ६ भनेर सम्बोधन गरिएको छ । प्राप्त तथ्याङ्कलाई तालिकीकरण गरी शिक्षक र प्रधानाध्यापकबाट प्राप्त प्रतिक्रियालाई वर्णनात्मक रूपमा व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएकाले यस अध्ययनको ढाँचा गुणात्मक रहेको छ ।

## व्याख्या विश्लेषण

प्रस्तुत अध्ययनमा छनोटमा परेका विद्यालयमा सञ्चालित बालविकास कक्षामा शिक्षण गर्दा उपयोग गरिएका शिक्षण सामग्रीको विवरण, प्रयोग अवस्था, समस्याका सम्बन्धमा शिक्षक र प्रधानाध्यापकसँग गरिएको असंरचित अन्तर्वार्ता तथा अवलोकनका क्रममा प्राप्त भएका प्रतिक्रियालाई निम्नानुसार विश्लेषण गरिएको छ :

### नेपाल राष्ट्रिय माध्यमिक विद्यालयमा रहेका शैक्षिक सामग्री

यस अध्ययनमा अध्ययनकर्ता बालविकास कक्षामा स्वयम् गई अवलोकन फारमबाट टिपोट गरेका सामग्री तथा बालविकास कक्षामा अध्यापनरत शिक्षकसँग गरिएको प्रश्नावलीका आधारमा सङ्कलित विवरणअनुसार नेपाल राष्ट्रिय माध्यमिक विद्यालयमा सञ्चालित बालविकास कक्षामा रहेका भाषा शिक्षण सामग्रीको विवरण निम्नानुसार छ

**तालिका नं. १**

नेपाल राष्ट्रिय माध्यमिक विद्यालयमा रहेका शैक्षिक सामग्री

| क्र. सं. | सामग्रीको नाम | सङ्ख्या | सङ्कलन स्रोत |
|---|---|---|---|
| १ | टि.भि. | १ | शिक्षा शाखा |
| २ | चार्टपेपर ABC को | ६ | शिक्षा शाखा |
| ३ | क ख को चार पेपर | ३ | शिक्षा शाखा |
| ४ | रिङ डोरी | ५ | शिक्षा शाखा |
| ५ | बलहरू | ४ | शिक्षा शाखा |
| ६ | माटाका भाँडा | २० | शिक्षक स्वयम् |
| ७ | गुडिया | २५ | शिक्षक स्वयम् |
| ८ | बर्थडे कार्ड | ५ | शिक्षक स्वयम् |
| ९ | शब्द पत्ती | १० | शिक्षक स्वयम् |
| १० | काठका टुक्रा | १६ | शिक्षक स्वयम् |
| | जम्मा | ९४ | |

प्रस्तुत तालिकामा नेपाल राष्ट्रिय माध्यमिक विद्यालयमा सञ्चालित बालबिकास कक्षामा भाषा शिक्षण गर्दा उपयोग गरिएका सामग्रीहरूको विवरण उल्लेख गरिएको छ । उक्त बालविकास कक्षामा प्रयोग गरिएका सामग्रीहरूमा टि.भि. १ ओटा, चार्ट पेपर ए.वि.सी. लेखेको चार्ट पेपर ६ ओटा, क, ख को चार्ट पेपर ३ ओटा, रिङ डोरी ५ ओटा, बलहरू ४ ओटा, माटाका भाँडा २० ओटा, गुडिया २५ ओटा, वर्थ डे कार्ड ५ ओटा, शब्दपत्ती १० ओटा र काठका टुक्रा १५ ओटा गरी जम्मा ९५ ओटा रहेका छन् । उक्त बालविकास कक्षामा शैक्षिक सामग्रीहरू मध्ये सबैभन्दा बढी गुडियाहरू रहेको देखिन्छ । विद्यार्थीका लागि सबै किसिमका सामग्रीहरू उपलब्ध रहेका छन् । विद्यार्थी सङ्ख्या बढी भएको कारण उक्त बालविकास कक्षामा विद्यार्थीका लागि प्रविधिगत सामग्रीहरू थप गर्नुपर्ने देखिन्छ ।

**बाल मन्दिर विद्यालयमा रहेका शैक्षिक सामग्री**

यस अध्ययनमा अध्ययनकर्ता बालविकास कक्षामा प्रत्यक्ष सहभागी भई अवलोकन फारमबाट टिपोट गरेका तथा त्यहाँका बालविकास कक्षामा अध्यापनरत शिक्षकसँग गरिएको प्रश्नावलीका आधारमा सङ्कलित विवरणअनुसार यस बाल मन्दिर बालविकास कक्षामा रहेका भाषा सिकाइका लागि प्रयोग गरिने शिक्षण सामग्रीको विवरण निम्नानुसार छ ।

**तालिका नं. २**

बालमन्दिर विद्यालय रहेका शैक्षिक सामग्री

| क्र. सं. | सामग्रीको नाम | सङ्ख्या | सङ्कलन स्रोत |
|---|---|---|---|
| १ | टि.भी. | १ | नगरपालिका |
| २ | रेडियो | १ | नगरपालिका |
| ३ | ए.बाकस | ८ | नगरपालिका |
| ४ | बर्थ डे कार्ड | १० | नगरपालिका |
| ५ | अङ्क चार्ट | १२ | नगरपालिका |
| ६ | बाह्रखरी चार्ट | १२ | नगरपालिका |
| ७ | रिङ | १० | नगरपालिका |
| ८ | पम्प | ५ | नगरपालिका |
| ९ | प्रोजेक्टर | १ | शिक्षा शाखा |
| १० | गुडिया | १० | शिक्षा शाखा |
| ११ | डोरी | ३७ | शिक्षा शाखा |
| | जम्मा | १०७ | |

प्रस्तुत तालिकामा बाल मन्दिर विद्यालयले सञ्चालन गरेको बालविकास कक्षामा शिक्षण गर्दा उपयोग गरिएका सामग्रीहरूको विवरण उल्लेख गरिएको छ । उक्त बालविकास कक्षामा प्रयोग गरिएका सामग्रीहरूमा टि.भि. १ ओटा, रेडियो १ ओटा, ए बाकस ८ ओटा, बर्थ डे कार्ड १० ओटा, अङ्क चार्ट १२ ओटा, बाह्रखरी चार्ट १२ ओटा, रिङ १० ओटा, पम्प ५ ओटा, प्रोजेक्टर १० ओटा, गुडिया १० ओटा, डोरी ३७ ओटा गरी जम्मा १०७ ओटा शैक्षिक सामग्रीको उपयोग गरिएको छ । ती सामग्रीहरूमा सबैभन्दा बढी डोरी प्रयोग गरिएको छ । सामग्रीको प्रयोगका सन्दर्भमा प्रविधिगत सामग्रीहरूको कम व्यवस्था भएकाले कक्षामा पनि कम प्रयोग गरिएको पाइन्छ । उक्त बालविकास कक्षामा श्रव्य दृश्य सामग्री थप गर्नुपर्ने देखिन्छ । बालविकास कक्षामा रहेका शैक्षिक सामग्रीहरू नगरपालिका र शिक्षा शाखाबाट व्यवस्थापन गरिएका छन् । विद्यार्थीका लागि सबै किसिमका सामग्रीहरू भएतापनि विद्यार्थी सङ्ख्याका आधारमा सामग्री कम रहेका छन् । उक्त बालविकास कक्षामा विद्यार्थीका लागि अझ प्रविधिगत सामग्रीहरू थप गर्नुपर्ने देखिन्छ ।

**हस्तवीर माध्यमिक विद्यालयमा रहेका शैक्षिक सामग्री**

यस अध्ययनमा अध्ययनकर्ता बालविकास कक्षामा प्रत्यक्ष सहभागी भई अवलोकन फारमबाट टिपोट गरेका तथा त्यहाँका बालविकास कक्षामा अध्यापनरत शिक्षकसँग गरिएको प्रश्नावलीका आधारमा सङ्कलित विवरणअनुसार यस हस्तवीर बालविकास कक्षामा रहेका भाषा शिक्षण सामग्रीको विवरण निम्नानुसार छ :

**तालिका नं. ३**

हस्तवीर माध्यमिक विद्यालया रहेका शैक्षिक सामग्री

| क्र. सं. | सामग्रीको नाम | सङ्ख्या | सङ्कलन स्रोत |
|---|---|---|---|
| १ | ह्वाइटबोर्ड | १ | शिक्षाशाखा |
| २ | शब्दपत्ती | २० | शिक्षक स्वंय |
| ३ | ढुङ्गा | २० | शिक्षक स्वंय |
| ४ | प्रोजेक्टर | १ | शिक्षाशाखा |
| ५ | गोटी | २० | शिक्षा शाखा |
| ६ | वर्थडे कार्ड | २ | शिक्षा शाखा |
| ७ | बल | १ | गाउँपालिका |
| ८ | चार्ट पेपर | ८ | शिक्षक स्वंय |
| ९ | कलर | ९ | नगरपालिका |
| १० | टि.भी. | १ | शिक्षाशाखा |
| | जम्मा | १०७ | |

माथिको तालिकामा हस्तवीर माध्यमिक विद्यालयले सञ्चालन गरेको बालकक्षामा भाषा शिक्षण गर्दा उपयोग गरिएका सामग्रीहरूको विवरण उल्लेख गरिएको छ । उक्त बालविकास कक्षामा प्रयोग गरिएका सामग्रीहरूमा ह्वाइटबोर्ड १ ओटा, शब्दपत्ती १२ ओटा, ढुङ्गा २० ओटा, प्रोजेक्टर १ ओटा, गोटी २० ओटा, बर्थडे कार्ड २ ओटा, बल १ ओटा, चार्टपेपर ८ ओटा, कलर ९ ओटा, टि.भी. १ ओटा रहेका छन् । उक्त बालविकास कक्षामा सबैभन्दा बढी ढुङ्गा र गोटी शैक्षिक सामग्रीको प्रयोग गरिएको छ । बालविकास कक्षामा उपयोग गरिएका सामग्रीहरूमा अन्य सामग्री विद्यार्थी सङ्ख्याको आधारमा कम रहेका छन् । विद्यार्थीले आवश्यक परेका बेलामा शैक्षिक सामग्रीको प्रयोग गर्न नपाइएको देखिन्छ । सामग्रीको कम व्यवस्थापन भएको कारण भाषा शिक्षणका क्रममा सबै विद्यार्थीलाई सामग्री दिन नसकिएको पाइन्छ । विद्यार्थीका लागि सबै किसिमका सामग्रीहरू भएतापनि विद्यार्थी सङ्ख्यागत रूपमा भने कम रहेको पाइन्छ । उक्त बालविकास कक्षामा विद्यार्थीका लागि अझ प्रविधिगत सामग्रीहरूको थप गर्नुपर्ने देखिन्छ ।

**विद्याज्योति माध्यमिक विद्यालयमा रहेका शैक्षिक सामग्री**

यस अध्ययनमा अध्ययनकर्ता बालविकास कक्षामा प्रत्यक्ष सहभागी भई अवलोकन फारमबाट टिपोट गरेका तथा त्यहाँका बालविकास कक्षामा अध्यापनरत शिक्षकसँग गरिएको प्रश्नावलीका आधारमा सङ्कलित विवरणअनुसार यस बालविकास कक्षामा रहेका भाषा शिक्षण सामग्रीको विवरण निम्नानुसार छ :

**तालिका नं. ४**

विद्याज्योति माध्यमिक विद्यालयमा रहेका शैक्षिक सामग्री

| क्र. सं. | सामग्रीको नाम | सङ्ख्या | सङ्कलन स्रोत |
|---|---|---|---|
| १ | टि.भी. | १ | विद्यालय |
| २ | रेडियो | १ | विद्यालय |
| ३ | पम्प | २ | विद्यालय |
| ४ | कार्पेट | २ | विद्यालय |
| ५ | बल | ५ | विद्यालय |
| ६ | ढुङ्गा | १५ | विद्यालय |
| ७ | डोरी | ८ | विद्यालय |
| ८ | शब्द पत्ती | २ | शिक्षक स्वयं |
| ९ | बाह्रखरी चार्ट | १५ | शिक्षक स्वयं |
| | जम्मा | ५१ | |

माथिको तालिकामा विद्याज्योति माध्यमिक विद्यालयले सञ्चालन गरेको बालविकास कक्षामा प्रयोग गरिएका शैक्षिक सामग्रीको विवरण उल्लेख गरिएको छ । उक्त बालविकास कक्षामा रहेका शैक्षिक सामग्रीको अवलोकन गर्दा टि.भि. १ ओटा, रेडियो १ ओटा, पम्प २ ओटा, कार्पेट १ ओटा, बल ५ ओटा, ढुङ्गा १५ ओटा, डोरी ८ ओटा, शब्दपत्ती २ ओटा, बाह्रखरी चार्ट १५ ओटा गरी जम्मा ५१ ओटा शैक्षिक सामग्रीको उपयोग गरिएको छ । उक्त बालविकास कक्षामा सबैभन्दा बढी  ढुङ्गा र बाह्रखरी चार्ट उपलब्ध गराएको देखिन्छ । भने आवश्यक अन्य सामग्रीहरू भने विद्यार्थी सङ्ख्याका आधारमा कम रहेका छन् । सामग्रीको उपलब्धता विद्यालयले खरिद गरेको र केही शिक्षक स्वयम्ले निर्माण गरेको देखिन्छ । बालविकास कक्षामा उपलब्ध सामग्रीका आधारमा बालमैत्री प्रविधिगत सामग्रीमा अझ बढी जोड दिनु आवश्यक देखिन्छ ।

**चिल्ड्रेन प्याराडाइज माध्यमिक विद्यालयमा रहेका शैक्षिक सामग्री**

यस अध्ययनमा अध्ययनकर्ता बालविकास कक्षामा प्रत्यक्ष सहभागी भई अवलोकन फार मबाट टिपोट गरेका तथा बालविकास कक्षामा अध्यापनरत शिक्षकसँग गरिएको प्रश्नावलीका आधारमा सङ्कलित विवरणअनुसार यस बालविकास कक्षामा रहेका भाषा शिक्षण सामग्रीको विवरण निम्नानुसार छ :

**तालिका नं. ५**

चिल्ड्रेन प्याराडाइज माध्यमिक विद्यालयमा रहेका शैक्षिक सामग्री

| क्र. सं. | सामग्रीको नाम | सङ्ख्या | सङ्कलन स्रोत |
|---|---|---|---|
| १ | चित्र चार्ट | ८ | विद्यालय |
| २ | गुडिया | ५ | विद्यालय |
| ३ | टि.भी. | १ | विद्यालय |
| ४ | काठका गोटी | ३६ | विद्यालय |
| ५ | किताब | १५ | विद्यालय |
| ६ | अङ्क  चार्ट | १२ | शिक्षक स्वंय |
| ७ | बाह्रखरी चार्ट | १२ | शिक्षक स्वंय |
| ८ | रिङ | १० | विद्यालय |
| ९ | डोरी | ५ | विद्यालय |
| १० | रेडियो | १ | विद्यालय |
| | जम्मा | १०५ | |

माथिको तालिकामा चिल्ड्रेन प्याराडाइज माध्यमिक विद्यालयले सञ्चालन गरेको बालकक्षामा प्रयोग गरिएका शैक्षिक सामग्रीहरूको विवरण उल्लेख गरिएको छ । उक्त कक्षामा चित्र चार्ट ८ ओटा, गुडिया ५ ओटा, टि.भी. १ ओटा, काठका गोटी ३६ ओटा, किताब १५ ओटा, अङ्क चार्ट १२ ओटा, बाह्रखरी १२ ओटा, रिङ १० ओटा, डोरी ५ ओटा, रेडियो १ ओटा रहेका छन् । शैक्षिक सामग्रीहरूमा सबैभन्दा बढी काठका गोटी रहेका छन् । उक्त बालविकास कक्षामा शैक्षिक सामग्रीको व्यवस्थापन विद्यालय स्वयम् र केही कक्षा शिक्षकले निर्माण गरेको पाइन्छ । बालविकास कक्षामा पर्याप्त मात्रामा श्रव्य दृश्य सामग्रीको व्यवस्थापनमा कमी रहेको हुनाले बालविकास कक्षाका शिक्षकले थप सामग्रीका लागि पहल गर्नुपर्ने देखिन्छ ।

**सुर्खेत मोडल एकेडेमीमा रहेका शैक्षिक सामग्री**

यस अध्ययनमा अध्ययनकर्ता बालविकास कक्षामा प्रत्यक्ष सहभागी भई अवलोकन फारामबाट टिपोट गरेका तथा त्यहाँका बालविकास कक्षामा अध्यापनरत शिक्षकसँग गरिएको प्रश्नावलीका आधारमा सङ्कलित विवरणअनुसार यस विद्यालयले सञ्चालन गरेको बालविकास कक्षामा रहेका शिक्षण सामग्रीको विवरण निम्नानुसार छ :

**तालिका नं. ६**

सुर्खेत मोडल एकेडेमीमा रहेका शैक्षिक सामग्री

| क्र. सं. | सामग्रीको नाम | सङ्ख्या | सङ्कलन स्रोत |
|---|---|---|---|
| १ | चित्र चार्ट | ८ | विद्यालय |
| २ | गुडिया | ५ | विद्यालय |
| ३ | टि.भी. | १ | विद्यालय |
| ४ | काठका गोटी | ३६ | विद्यालय |
| ५ | बल | १५ | विद्यालय |
| ६ | अङ्क चार्ट | १२ | शिक्षक स्वंय |
| ७ | बाह्रखरी चार्ट | १२ | शिक्षक स्वंय |
| ८ | रिङ | १० | विद्यालय |
| ९ | डोर | ५ | विद्यालय |
| १० | रेडियो | १ | विद्यालय |
| | जम्मा | १०५ | |

प्रस्तुत तालिकामा सुर्खेत मोडल एकेडेमीका बालविकास कक्षामा उपयोग गरिने शैक्षिक सामग्रीहरूको विवरण प्रस्तुत गरिएको छ । उक्त सामग्रीहरूको अध्ययन गर्दा चित्र चार्ट ८ ओटा रहेका छन् भने गुडिया पाँच ओटा, काठका गोटी ३६ ओटा रहेका छन् । त्यसैगरी बल १५ ओटा अङ्क चार्ट १२ ओटा, बाह्रखरी चार्ट १२ ओटा, रिङ १० ओटा, डोरी ५ ओटा, रेडियो १ ओटा गरी जम्मा १०५ ओटा रहेका छन् । बालविकास कक्षामा उपलब्ध सामग्रीको अध्ययन गर्दा सबैभन्दा बढी काठका गोटी रहेका छन् । उक्त सामग्रीहरू विद्यालय र शिक्षक स्वयम्ले निर्माण गरेको पाइन्छ ।

**कक्षा अवलोकनअनुसार शैक्षिक सामग्री प्रयोग अवस्था**

शिक्षण सामग्रीको प्रयोगले शिक्षण सिकाइलाई सरल, रोचक र अर्थपूर्ण बनाउनुका साथै विद्यार्थीलाई क्रियाशील बनाई अर्न्तनिहित प्रतिभाको प्रस्फुटन गर्न शिक्षण प्रति प्रेरित बनाउन सहयोग गर्दछ । विद्यालयद्वारा सञ्चालित बालविकास कक्षामा अनुसन्धाता स्वयम् गएर प्रत्यक्ष रुपमा भाषा शिक्षण सामग्री प्रयोगको अवस्थालाई अवलोकन गरिएको छ । शैक्षिक सामग्री प्रयोगको अवस्थालाई तालिकामा उत्तम, मध्यम र निम्न श्रेणीमा राखेर समग्रमा निम्नानुसार उल्लेख गरिएको छ :

**तालिका नं. ७**

शैक्षिक सामग्री प्रयोगको अवस्था

| श्रेणी | पाठ्यपुस्तक | श्रव्य दृश्य सामग्री | अङ्क पत्ती र शब्दपत्ती | चित्र तथा पोष्टर | वास्तविक वस्तु तथा प्रतिमूर्ति | हाउभाउ तथा शैली |
|---|---|---|---|---|---|---|
| उत्तम (८० भन्दा माथि) | १६.६६ | १०० | १६.६६ | १०० | १०० | १६.६६ |
| मध्यम (६०-८० सम्म) | ८३.३३ | ० | ८३.३३ | ० | ० | ८३.३३ |
| निम्न (२०-६० सम्म) | ० | ० | ० | ० | ० | ० |
| जम्मा | १०० | १०० | १०० | १०० | १०० | १०० |

माथिको तालिकाअनुसार बालविकास कक्षामा पाठ्यपुस्तकको प्रयोगको अवस्थाका सम्बन्धमा कक्षा अवलोकन गर्दा १६.६६ प्रतिशत शिक्षकले उत्तम रूपमा प्रयोग गरेका छन् भने ८३.३३ प्रतिशत शिक्षकले मध्यम रूपमा प्रयोग गरेको पाइयो । यस तथ्याङ्कअनुसार बालविकास कक्षामा शैक्षिक सामग्रीमा पाठ्यपुस्तकको प्रयोग मध्यम रूपमा बढी प्रयोग गरिएको छ । बालबालिकालाई पाठ्यपुस्तकको सहायताले भाषा शिक्षण उत्तम रूपमा नगरिएको पाइन्छ । श्रव्य दृश्य सामग्रीको प्रयोगको अवस्था अध्ययन गर्दा १०० प्रतिशत शिक्षकले बालविकास कक्षामा बालबालिकाका लागि श्रव्य दृश्य सामग्रीलाई उत्तम रूपमा प्रयोग गरेको देखिन्छ । जसले गर्दा विद्यार्थीको देखाइ, बोलाइ, तथा सुनाइका माध्यमबाट सिकाइ हुने भएकाले उक्त सामग्री भाषा शिक्षणमा प्रभावकारी भएकाले उत्तम रूपमा प्रयोग गरिनुले बालविकास कक्षामा श्रव्य दृश्य सामग्री प्रयोग उत्तम रहेको छ । अङ्क पत्तिको प्रयोगको अवस्था अध्ययन गर्दा १६.६६ प्रतिशत शिक्षकले उत्तम रूपमा प्रयोग गरेका छन् भने ८३.३३ प्रतिशत शिक्षकले मध्यम रूपमा प्रयोग गरेका छन । यसरी कक्षा शिक्षणका क्रममा शिक्षकले शब्दपत्ती र अङ्क पत्तीको प्रयोग मध्यम रूपमा प्रयोग गरेका छन् । शब्दपत्ती र अङ्क पत्तीको मध्यम रूपमा प्रयोग बढी गरिनुले विद्यार्थीको शब्द र अङ्क सिकाइ प्रभावकारी हुन नसक्ने भएकाले शब्दपत्ती र अङ्क पत्तीको प्रयोगमा बढी जोड दिइ शिक्षण गर्नुपर्ने देखिन्छ ।

बालबालिकालाई भाषा शिक्षणका क्रममा प्रयोग गरिने पत्तीको माध्यमबाट शब्द तथा अङ्क पत्ती लेखी देखाउनु, चिनाउनु अति प्रभावकारी मानिन्छ । जसमा बालबालिकाको चिन्न सक्ने क्षमता, सोच्न सक्ने क्षमतामा वृद्धि भई अक्षर सिकाइ हुने गर्दछ । चित्र तथा पोष्टरको प्रयोग गरी भाषा शिक्षण गर्दाको अवस्थालाई अवलोकन गर्दा १०० प्रतिशत शिक्षकले चित्र तथा पोष्टरको प्रयोग गरी शिक्षण उत्तम रूपमा गरेका छन् । यसका साथै मध्यम रूपमा र निम्न रूपमा प्रयोग नगरिएकाले शिक्षण सिकाइका क्रममा चित्र र पोष्टरको प्रयोगको अवस्था उत्तम रहेको छ । वास्तविक वस्तु तथा प्रतिमूर्तिको प्रयोगको अवस्थालाई अध्ययन गर्दा १०० प्रतिशत शिक्षकले वास्तविक वस्तु तथा प्रतिमूर्तिको प्रयोग गरी भाषा शिक्षण गरेकाले उक्त सामग्रीको प्रयोग उत्तम रूपमा गरेका छन् । यसका साथै मध्यम रूपमा र निम्न रूपमा प्रयोग नगरिएकाले भाषा शिक्षण सिकाइका क्रममा चित्र र पोष्टरको प्रयोग उत्तम रहेको छ । हाउभाउ तथा शैलीको प्रयोगका सन्दर्भमा अध्ययन गर्दा १६.६६ प्रतिशत शिक्षकले उत्तम रूपमा कक्षामा हाउभाउ तथा शैली प्रयोग गरेका छन् भने ८३.३३ प्रतिशत शिक्षकले मध्यम रूपमा हाउभाउ तथा शैलीको प्रयोग गरी भाषा शिक्षण गरेका छन् । बालविकास कक्षामा हाउभाउ तथा शैलीको अवस्था मध्यम रूपमा प्रयोग भएकाले बालविकास कक्षाका विद्यार्थीलाई हाउभाउ तथा शैलीको प्रयोग गरी शिक्षण गर्दा अझ प्रभावकारी हुने देखिन्छ ।

**शिक्षक प्रश्नावलीअनुसार शैक्षिक सामग्री प्रयोगको अवस्था**

प्रस्तुत अध्ययनमा बालविकास कक्षामा भाषा शिक्षणमा शैक्षिक सामग्री प्रयोगको अवस्थाका सन्दर्भमा बालविकास कक्षामा अध्यापनरत शिक्षकलाई सोधिएको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार उपशीर्षकमा राखी विश्लेषण गरिएको छ :

**कक्षामा उपलब्ध सामग्रीको अवस्था**

शैक्षिक सामग्री भन्नाले दैनिक शिक्षण क्रियाकलापलाई सहज रूपमा सञ्चालनगर्न प्रयोग गरिने चक, मार्कर, डस्टर, आदिलाई बुझिन्छ । अध्ययन क्षेत्रका बालविकास कक्षामा शैक्षिक सामग्रीको प्रयोग अन्तर्गत अधिकांश बालविकास कक्षाले दैनिक प्रयोगमा आउने शैक्षिक सामग्रीलाई मात्र प्राथमिकता दिने

गरेको छ । बालविकास कक्षामा शैक्षिक सामग्रीको उपलब्धताका के कस्तो रहेको छ भन्ने सम्बन्धमा सोधिएको प्रश्नावलीअनुसार शिक्षकबाट प्राप्त प्रतिक्रिया यस्तो छ :

| | |
|---|---|
| शिक्षक १ | पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, फ्लाटिन पाटी, शिक्षण पार्टि, अभ्यास पुस्तिका, बल, खेलौना, सन्दर्भ सामग्री, चित्र पत्ति, तालिका चार्ट, नक्सा, टेप रेकर्डर, गोजी तालिका, प्रतिमूर्ति, ग्लोब, पोस्टर, टि.भि., क्यालेन्डर, फोटो र तस्वीर, लगायतका सामग्रीहरूको उपलब्धता रहेको छ । उक्त सामग्रीहरूलाई आवश्यकता अनुसार प्रयोग गर्ने गरिएको छ । |
| शिक्षक २ | शैक्षिक सामग्रीहरू शिक्षणका क्रममा विद्यार्थीहरूमा पाठ्यपुस्तक पूर्णरूपमा पुगेको छैन । शिक्षण क्रियाकलाप प्रभावकारी बनाउन आवश्यक पुराना र नयाँ बाल खेलौना तथा पाठ्यक्रम सामग्रीको मिश्रणबाट भएपनि प्रयोग गरी शिक्षण गर्ने गरिएको छ । |
| शिक्षक ३ | शिक्षण सिकाइमा अक्षर र अङ्क शिक्षण गर्दा आवश्यक विभिन्न सामग्री निर्माण गरेर कक्षाकोठामा सजाएर राखिएको छ तर सबैलाई सामग्रीको प्रयोग गरेर एक्लाएक्लै सिकाउन नसकिने भएकोले मार्कर र बोर्डको प्रयोग गरेर संयुक्त रूपमा सिकाउने गरिएको |
| शिक्षक ४ | बालविकास कक्षामा विद्यार्थीहरूलाई शैक्षिक सामग्रीको प्रयोगका सन्दर्भमा कक्षाकोठामा प्रर्याप्त शैक्षिक सामग्रीको उपलब्धतामा कमी भएको छ । |
| शिक्षक ५ | विद्यार्थीको सिकाइ अनुकूलका सामग्रीको अभाव रहेको र सामग्री न्युन मात्रामा उपलब्ध भएको छ । श्रव्य र दृश्य सामग्री कम उपलब्ध छन् । |
| शिक्षक ६ | विद्यार्थी सङ्ख्या बढी र भएको कारण विद्यार्थीहरूले सामग्री प्रयोग गर्दा तानातान गरेर फुटाउने, आपसमा झगडा गर्ने गरेको कारण प्रयोग गर्न सकिएको छैन । |

शिक्षकहरूका उपर्युक्त धारणाहरूलाई हेर्दा विद्यालयमा सबै प्रकारका शैक्षिक सामग्री उपलब्ध हुन नसकेको देखिन्छ । कुनै बालविकास कक्षामा रहेका सामग्री प्रसङ्ग अनुकूल र प्रर्याप्त मात्रामा भएमा प्रयोग गरिएको देखिन्छ भने कुनै सामग्री विद्यार्थी सङ्ख्या भन्दा कम भएका कारण प्रयोग गर्न नसकिएको प्रतिक्रिया जनाएका छन् । कुनै विद्यालयमा भने शैक्षिक सामग्री भएका तर विद्यार्थी सङ्ख्याको चाप बढी भएका कारण सबै विद्यार्थीलाई पुऱ्याउन नसक्दा आपसमा झगडा गर्ने सामग्री तोडफोड गर्ने भएको कारण कक्षा कोठामा प्रयोग सजाएर मात्र राखिएको र भाषा शिक्षण गर्दा बोर्ड र मार्करको प्रयोग गरेर परम्परागत विधिबाट कक्षा शिक्षण गरिएको देखिन्छ ।

विद्यालयमा पर्याप्त मात्रामा शैक्षिक सामग्रीको उपलब्धता भएमा सिकाइ प्रक्रिया प्रभावकारी हुने र शैक्षिक सामग्रीको उपलब्धता हुँदाहुदै पनि उचित प्रयोग नहुँदा बालबालिकाहरू शब्द प्रतिको ज्ञान तथा सृजना गर्ने क्षमताको कमी हुने देखिन्छ । त्यसकारण बालविकास कक्षामा शैक्षिक सामग्रीहरू अनिवार्य उपलब्ध गराइनुपर्ने र ती सामग्रीहरूको उचित रूपमा नियमित उपलब्ध र प्रयोग भइरहनु पर्ने तथा यसको प्रभावकारी प्रयोगबारे शिक्षकलाई राम्रो ज्ञान हुनुपर्ने देखिन्छ ।

**शैक्षिक सामग्रीहरू राखिएका ठाउँ**

अध्ययन क्षेत्रका बालविकास कक्षामा उपलब्ध रहेका शैक्षिक सामग्रीको व्यवस्थापन बालविकासका कक्षाकोठामा गरिएको छ । दैनिक रूपमा प्रयोग गरिने सामग्रीहरू कक्षाकोठामा नै राखिएका छन् भने केही आवश्यकता अनुसार प्रयोग गरिने सामग्रीहरू अन्य कक्षाकोठामा राखिएको छ । शिक्षणलाई प्रभावकारी बनाउनका लागि शैक्षिक सामग्रीलाई उचित तरिकाले कक्षामा व्यवस्थापन गरी राख्ने गरेको पाइयो । अध्ययन क्षेत्रका बालविकास कक्षामा प्रयोग गरिएका शैक्षिक सामग्रीहरूको व्यवस्थापनका लागि राखिएका ठाउँ सम्बन्धी शिक्षकलाई सोधिएका प्रश्नावलीबाट प्राप्त प्रतिक्रियालाई निम्नानुसार उल्लेख गरिएको छ :

**तालिका नं. १५**

शैक्षिक सामग्रीहरू राखिएका ठाउँ

| ठाउँ | शिक्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|
| कक्षा कोठा | ६ | १०० |
| प्र.अ. कक्ष | - | - |
| स्टोर कक्ष | - | - |
| अफिस कक्ष | - | - |
| जम्मा | ६ | १०० |

माथिको तालिकाअनुसार शैक्षिक सामग्री राखिएका ठाउँका सम्बन्धमा अध्ययन गर्दा सबै बालविकास कक्षामा १०० प्रतिशत कक्षाकोठामा राख्ने व्यवस्था गरिएको छ । जसबाट भाषा शिक्षणका क्रममा आवश्यकता अनुसार प्रयोग गर्न सकिने देखिन्छ । शैक्षिक सामग्री कक्षाकोठामा नै राख्ने गरिएकाले शिक्षक र विद्यार्थीले सहजै प्रयोग गर्न सक्ने वातावरण सबै विद्यालयमा देखिन्छ ।

**शैक्षिक सामग्री नियमित प्रयोगको अवस्था**

अध्ययन क्षेत्रका विद्यालयमा शैक्षिक सामग्रीको नियमित वा अनियमित प्रयोग के कसरी गर्नु भएको छ भनी शिक्षकलाई सोधिएको प्रश्नावलीका आधारमा प्राप्त गरिएको तथ्याङ्कलाई तलको तालिकामा देखाइएको छ :

**तालिका नं.१६**

शैक्षिक सामग्री प्रयोगको अवस्था

| श्रेणी | शिक्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|
| नियमित | ३ | ५० |
| आवश्यकता अनुसार | ३ | ५० |
| जम्मा | ६ | १०० |

उल्लिखित तालिकामा शैक्षिक सामग्रीको प्रयोगका अवस्थाका सम्बन्धमा अध्ययन गर्दा ५० प्रतिशत शिक्षकले नियमित रूपमा प्रयोग गरेका छन् भने  ५० प्रतिशत शिक्षकले आवश्यकता अनुसार शैक्षिक सामग्रीको प्रयोग गर्ने गरेको पाइन्छ । जसमा सबै विद्यार्थीका लागि शैक्षिक सामग्रीको प्रयोग नियमित र आवश्यकता अनुसार प्रयोग गर्ने गरेको पाइएकाले नियमित प्रयोगलाई अझ जोड दिनुपर्ने देखिन्छ ।

**दैनिक रूपमा प्रयोग गरिने सामग्री**

अध्ययन क्षेत्रका बालविकास कक्षाले दैनिक रूपमा टि.भी., रेडियो, ए.बाकस, बर्थ डे कार्ड, अङ्क चार्ट, बाह्रखरी चार्ट, शब्दपत्ति, रिङ, पम्प, प्रोजेक्टर, गुडिया, डोरी, पुस्तक, पेन, चित्रपत्ती, अङ्क पत्ती, पोष्टर जस्ता सामग्रीहरूको प्रयोग गरेका छन् । आवश्यकता अनुसार प्रयोग गर्ने सामग्रीहरूमा ढुङ्गाका टुक्राहरू, पात, माटो, तस्वीर, ग्लोब, कैँची जस्ता सामग्रीहरूको प्रयोग गर्ने गरेका छन् भने सबैभन्दा बढी प्रयोग गर्ने सामग्रीहरूमा पोष्टरहरू, काठका टुक्राहरू, कागजका शब्दपत्ती, अङ्क पत्ती जस्ता सामग्री प्रयोग गर्दै आएका छन् । कतिपय शिक्षकले गोजी तालिका, टि.भि., शब्दपत्ती, अक्षरपत्ती, पोस्टर र सबैभन्दा बढी प्रयोग गर्ने सामग्रीका रूपमा रहेका छन् ।

**गीत तथा खेलमार्फत शिक्षण गर्दा प्रयोग गरिएका सामग्री**

विद्यालयमा प्रविधिगत शिक्षण सामग्रीको प्रयोगका सन्दर्भमा अध्ययन गर्दा अध्ययन क्षेत्रका बाल बालविकास कक्षामा प्रविधिगत सामग्रीको प्रयोग हुन सकेको छैन । गीत तथा खेल मार्फत भाषा शिक्षण गर्दा के कस्ता सामग्रीको प्रयोग गरी शिक्षण गर्नु भएको छ भनी शिक्षकलाई सोधिएका प्रश्नावलीबाट प्राप्त प्रतिक्रिया यस प्रकार छन् :

| | |
|---|---|
| शिक्षक १ | बालविकास कक्षामा सबै कक्षामा विभिन्न प्रविधिगत सामग्री टि.भी, प्रोजेक्टर, इन्टरनेटको प्रयोग गरिने । |
| शिक्षक २ | बालविकास कक्षामा सबै कक्षामा विभिन्न प्रविधिगत सामग्री टि.भी, प्रोजेक्टर, इन्टरनेटको प्रयोग गरिने । |

| | | |
|---|---|---|
| शिक्षक | ३ | बालविकास कक्षामा विभिन्न प्रोजेक्टर, टि.भि., कम्प्युटर, इन्टरनेट जस्ता शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गरिएको । |
| शिक्षक | ४ | बालविकास कक्षामा प्रभावकारी सिकाइ गर्नका लागि प्रविधिगत सामग्री नभएको कारण पनि स्वम्ले मोबाइलको रेकर्डरका माध्यमबाट कहिलेकाही अडियोका माध्यमबाट सुनाउने गरिन्छ । |
| शिक्षक | ५ | बालविकास कक्षामा सबै कक्षामा विभिन्न प्रविधिगत सामग्री टि.भी, प्रोजेक्टर, इन्टरनेटको प्रयोग गरिने । |
| शिक्षक | ६ | टि.भि र इन्टरनेटका माध्यमबाट कविता, गीत जस्ता कुराहरू शिक्षण गराउने गरिन्छ । |

माथिको तालिकाअनुसार प्राविधिगत सामग्रीको प्रयोग गरेर भाषा शिक्षण गरिएको कुरा केही शिक्षकले गरेका छन् भने केही शिक्षकहरूले प्रविधिगत सामग्री विद्यालयमा उपलब्ध नभएको कुरा व्यक्त गरेका छन् । सामग्री उपलब्ध बालविकास कक्षाका शिक्षकले भाषा शिक्षण गर्दा प्रविधिको प्रयोगले शिक्षणमा सहजता भएको कुरा व्यक्त गरेका छन् । मोबाइलमा रेकर्ड गरेर गीत तथा खेलका माध्यमबाट पनि शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गर्ने गरेका छन् । समग्रमा शिक्षणका क्रममा विद्यार्थीलाई अडियो र भिडियोको प्रयोग गरी शिक्षण गर्ने गरिएको देखिन्छ ।

**कविता शिक्षणका लागि प्रयोगमा ल्याइने सामग्री**

बालविकास कक्षामा कविता शिक्षण मार्फत पनि शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गर्ने गरेको पाइन्छ । कक्षामा कविता शिक्षण गर्दा विभिन्न आकर्षक भिडियो, अडियोका साथै लय हालेर कविताको स्वरमा स्वर मिलाइ पनि कविता शिक्षण गर्ने गरिएको छ । कक्षाकोठामा विद्यार्थीहरूलाई आकर्षण गर्न ती सामग्रीलाई कक्षामा निरन्तर रूपमा प्रयोग गरिएको छ । बालबालिकाहरूलाई पहाडका चित्र, विभिन्न प्रकृतिका चित्रहरूको प्रयोग गरेर भाषा शिक्षण गरिएको देखिन्छ । पाठमा भएका पाठ्यवस्तुलाई चित्रका माध्यमबाट सिकाउन सजिलो हुने गरी भाषा शिक्षण गरिएको छ । यसरी बालविकास कक्षामा आवश्यकता अनुसार शब्दपत्ती अङ्कपत्ती रङ्गीन फोटोहरूको प्रयोग पनि गरिदै आएको देखिन्छ ।

**शैक्षिक सामग्रीको प्रयोगमा आइपरेका समस्या**

अध्ययन क्षेत्रमा छनोटमा परेका बालविकास कक्षामा अध्ययनकर्ता स्वयम् उपस्थित भई अध्ययन तथा अवलोकन गर्दा शिक्षक, प्रधानाध्यापकसँग छलफल एवम् प्रश्नावली राख्दा भाषा शिक्षण सिकाइलाई प्रभावकारी बनाउनका लागि शैक्षिक सामग्रीको प्रयोग अपरिहार्य रहेको र यसका केही जटिलताहरू पनि रहेका छन् ।

प्रधानाध्यापकसँग गरिएको प्रश्नावलीमा सम्बन्धित बालविकास कक्षामा रहेका शैक्षिक सामग्रीका साथै सामग्री प्रयोग गर्दा के कस्ता समस्या भोग्नु भएको छ भनी सोधिएको प्रश्नानुसार शिक्षकले ती सामग्री प्रयोगका व्यावहारिक समस्या औल्याएका छन् । समस्याहरू सामान्य साथै विशिष्टि प्रकृतिका पनि रहेको देखिन्छ । प्रधानाध्यापकहरूबाट प्रस्तुत गरिएका उत्तरअनुसारका समस्यालाई निम्नानुसार प्रस्तुत गरिन्छ :

| | |
|---|---|
| प्रधानाध्यापक १ | थोरै सामग्री धेरै विद्यार्थी हुँदा समय पर्याप्तता नहुँदा र उपयुक्त भौतिक सामग्रीको व्यवस्थापन गर्न नसक्ने समस्या रहेको छ । |
| प्रधानाध्यापक २ | कोही शिक्षकलाई तालिम तथा प्रयोगको अनुभव नभएका कारण शिक्षण सामग्री प्रदर्शनका निम्ति मात्र छ भने केही सामग्री उपलब्ध भए पनि प्रयोग गर्नमा झन्झट मान्ने गरेको पाइन्छ । |
| प्रधानाध्यापक ३ | बालविकास कक्षामा भएका सामग्रीहरूको सुरक्षामा कम ध्यान दिएको, सामग्रीको कमी भएकाले माग गर्नुपर्ने भएको छ । |
| प्रधानाध्यापक ४ | शैक्षिक सामग्री प्रदर्शनको निम्ति आवश्यक सामग्री समयमा उपलब्ध नभएको, सामग्री उपलब्ध भएपनि प्रयोग गर्ने वातावरण नभएको बाहना बढी बनाएको देखिन्छ । |
| प्रधानाध्यापक ५ | विषयवस्तुअनुसार पूर्ण पर्याप्त शैक्षिक सामग्री उपलब्ध हुन नसकेको शिक्षकले निवेदन गर्नु भएको छ । |
| प्रधानाध्यापक ६ | तालिम प्राप्त जनशक्ति व्यवस्थापन गर्न नसकिएको, विद्यालयमा आवश्यक पर्ने ज्ञान, सिपको लागि तालिम दिन नसक्नु, आवश्यक पर्ने गुणात्मक शिक्षा दिन सकिएको छैन । |

उल्लिखित प्रधानाध्यापकले दिएको प्रतिक्रियाअनुसार अध्ययन क्षेत्रका बालविकास कक्षामा शैक्षिक सामग्री प्रयोग गर्दा शिक्षकले झन्झट मान्ने, विद्यार्थी सङ्ख्याका आधारमा सामग्री प्रयोगमा समस्या हुने, समयको अभाव हुने, सामग्रीको सुरक्षामा ध्यान नदिने, व्यवस्थित रूपमा सिकाउन नसक्ने जथाभावि सामग्रीको प्रयोग गर्न दिने, उपलब्ध सामग्रीहरू सबै विद्यार्थीसँग पुऱ्याउन कठिन हुने जस्ता समस्याहरू रहेका छन् । शैक्षिक सामग्रीको प्रयोगमा बालविकास कक्षाका शिक्षकले भोग्नु परेका समस्याहरूको खोजी गर्दा भौतिक साधन स्रोतको उचित व्यवस्थापन र प्रयोग गर्न नसकिएको, पर्याप्त मात्रामा पाठ्यपुस्तक, पाठ्यसामग्रीको खरिद गर्न नसकिएको जस्ता थुप्रै आर्थिक समस्याहरू देखा परेका छन् ।

शिक्षकलाई सोधिएको प्रश्नावलीमा शिक्षण सिकाइका क्रममा बालविकास कक्षामा शैक्षिक सामग्रीको प्रयोगमा के कस्ता समस्याहरू रहेका छन् ? भनी सोधिएको प्रश्नावलीमा शिक्षकले दिएको प्रतिक्रिया यसप्रकार रहेको छ ।

| | |
|---|---|
| शिक्षक १ | शैक्षिक सामग्रीको प्रयोगले शिक्षण सिकाइ एकदमै प्रभावकारी एवम् उपलब्धिमूलक हुने भएतापनि विद्यार्थीको सिकाइ गहन रूपमा हुन नसकेकाले समस्या भएको छ । |
| शिक्षक २ | शैक्षिक सामग्री प्रयोग गर्दा विद्यार्थीको सुरक्षामा समस्या भएको छ । सामग्रीको लागि आपसमा झैझगा तानातान र चोटपटक लगाउने भएको कारण प्रयोग गर्दा समस्या देखिएको छ । |
| शिक्षक ३ | सामग्री हराउने, सुरक्षा र फुट्ने समस्या बढी देखिएको छ । जसले गर्दा बढी सामग्री उपलब्ध गर्न झन कठिन देखिएको र खर्च बढ्ने गरेको छ । |
| शिक्षक ४ | शैक्षिक सामग्रीहरू प्रयोग गर्दा विद्यार्थीलाई पालैपालो सिकाउन बढी झन्झटिलो र समय लाग्ने गरेकाले सबैलाई सिकाउन सकिएको छैन । सबै विद्यार्थीलाई समान रूपमा सिकाउन सकिएको छैन । उनीहरूको इच्छाअनुसार पनि सिकाउनु पर्ने भएकाले कठिन लाग्ने गरेको छ । |
| शिक्षक ५ | श्रव्य सामग्री र दृश्य सामग्रीको प्रयोग गरी पढ्न बढी रूची राख्ने गरेकाले अन्य सामग्रीमा बढी ध्यान नदिने समस्या देखिएको छ । |
| शिक्षक ६ | पाठहरूको शिक्षण गर्दा शैक्षिक सामग्री निर्माण गरी विद्यार्थीलाई देखाउन बत्तिको अभावमा कहिले काही समस्या आउने गरेको छ । नेट र अनलाइमा पर्याप्त मात्रामा उपलब्ध शैक्षिक सामग्री हुन नसक्दा खोजेको सामग्री नपाइने समस्या देखिएको छ । |

शैक्षिक सामग्री प्रयोगका सन्दर्भमा देखिएका समस्याहरूमा शिक्षकले दिएको प्रतिक्रियाअनुसार शिक्षकमा प्रविधिजन्य सामग्री प्रयोग गर्न कठिन भएको, कतिपय बालविकास केन्द्रमा समस्या नै बढी हुने गरेको त्यसको साटो शिक्षण सिकाइमा झन्झट मान्ने गरेको, विद्यार्थीलाई सामूहिक रूपमा एकै ठाउँमा राख्नुपर्दा हल्ला बढी हुने र सामग्री प्रयोगमा कठिन हुने गरेको समस्या देखिएको छ । कुनै बालविकास कक्षामा बत्तीको समस्या हुने गरेको उल्लेख गरेको पाइयो भने यसरी विद्यार्थीको सिकाइअनुसार शैक्षिक सामग्री उपयोगी मूलक भएकाले प्रयोगमा समस्या पर्याप्त मात्रामा देखिएको छ ।

चार्ट, नमुना र रेखा चित्रको सहायताले गणित र विज्ञान जस्ता विषयका जटिल समस्याको समाधान गर्न सहज हुन्छ । शैक्षिक सामग्रीको प्रयोगले शिक्षण सिकाइ दिगो र प्रभावकारी हुने गर्दछ । फरक फरक शिक्षण सामग्रीको प्रयोगले भाषाका चारैवटा सिपलाई सिकाउन सहज बनाउने भएको कारण प्रयोग गरिनु अनिवार्य मानिन्छ ।

(पद्मनाभन ए. २०२४ पृ. १७) । शैक्षिक सामग्रीको प्रयोगले शिक्षणलाई जिवन्तता दिने गर्दछ । शिक्षण सामग्रीको प्रयोग गरेर शिक्षण गरिएमा विद्यार्थीले उक्त सिकाइलाई लामो समयसम्म स्मरण गर्न सक्छन् (ठकुरिया, २०२४) । शिक्षण सामग्रीको प्रयोगले पाठ्यबस्तु शिक्षण गर्दा अध्ययन दिगो, जिवन्त र स्थायी र अत्यन्त प्रभावकारी हुने कुरा विभिन्न विद्वानहरूले गरेतापनि अध्ययनको लागि छनोटमा परेका बालबिकास कक्षाहरूमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था कमजोर देखिन्छ ।

शैक्षिक सामग्रीको प्रयोगमा देखिएका समस्याहरूको तुलनात्मक रूपमा गरिएको विश्लेषणअनुसार नमुना छनोटमा परेका विद्यालयका बालविकास कक्षामा सामग्री प्रयोगमा प्राय:जसो समान किसिमका समस्याहरू रहेका छन् । जस अन्तर्गत दैनिक प्रयोगमा एउटै सामग्री नमिल्नु सन्दर्भ अनुकूलका सामग्रीहरू नपाइनु,

शिक्षणमा झन्झटिलो मान्नु, सुरक्षामा समस्या, कक्षा व्यवस्थापनको कमीले वस्तु देखाउन र प्रदर्शन गर्न कठिन हुनु, सामग्रीको अपर्याप्तता र विज्ञान प्रविधिका सामग्रीहरू सम्बन्धी जानकारी नहुनु जस्ता समस्याहरू मुख्य रूपमा रहेको देखिन्छ ।

**निष्कर्ष**

प्रस्तुत लेखमा विद्यालयहरूमा सञ्चालन गरिएका बालविकास कक्षामा भाषा शिक्षणका सन्दर्भमा प्रयोग गरिएका शैक्षिक सामग्रीको विवरणका साथ तिनको प्रयोगका सम्बन्धमा सहभागीका धारणालाई केलाइएको छ । बालविकास कक्षामा दैनिक रूपमा टि.भी., रेडियो, ए.बाकस, बर्थ डे कार्ड, अङ्क चार्ट, बाह्रखरी चार्ट, रिङ, पम्प, प्रोजेक्टर, गुडिया, डोरी, पेन, चित्रपत्ती, वाक्यपत्ती, शब्दपत्ती, पोष्टर जस्ता सामग्रीहरूको प्रयोग गरिएको छ । दैनिक बढी मात्रामा प्रयोगमा आउने शैक्षिक सामग्रीहरूमा पोष्टरहरू, काठका टुक्राहरू, कागजका शब्दपत्ती, अङ्क पत्ती शैक्षिक सामग्रीहरू रहेका छन् । विद्यालयका बालकक्षामा शैक्षिक सामग्रीका पोष्टरहरू, काठका टुक्राहरू, कागजका शब्दपत्ती, अङ्क पत्ती प्रयोग गरिए पनि उक्त सामग्री बीचका र पछिल्ला बेन्चका विद्यार्थीहरूले पढ्न र बुझ्न सक्ने उपयुक्त आकारका छैनन् । शिक्षकहरूले शिक्षणको मुख्य सामग्री पाठ्यपुस्तकलाई नै बनाएका छन् । शैक्षिक सामग्रीको खरिद सङ्कलन र निर्माण गरी शिक्षण गरिएको छैन । विद्यालयमा उपलब्ध सामग्रीहरू पनि शिक्षकहरूले प्रयोग गरेका छैनन् । सामाजिक परिवेशमा सूचना सञ्चार र प्रविधिको व्यापक प्रयोग भइरहेको अवस्थामा पनि बालविकास कक्षाको नेपाली भाषा शिक्षण प्रक्रिया पुरानै पद्धतिमा रहेको छ । भाषा शिक्षणमा प्रशस्त शैक्षिक सामग्री खरिद, निर्माण र सङ्कलन गरी प्रयोग गर्नुपर्नेमा विद्यालयमा व्याख्यान विधिको अधिक प्रयोग हुनुले यस कुरालाई पुष्टि गरेको छ । अधिकांश विद्यालयहरूमा शैक्षिक सामग्रीको उपलब्धता एवं प्रयोग न्यून छ । सीमित विद्यालयले शैक्षिक सामग्रीको व्यवस्था गरेको भएपनि प्रयोग गर्न झन्झट मान्ने प्रवृत्तिका कारण तिनको प्रयोग पक्ष कमजोर बनेको छ । भाषा सिकाइ प्रयोग र अभ्यासमा आधारित गराइनु पर्छ । साना कक्षामा झन यसको आवश्यकता अधिक हुन्छ भन्ने कुरामा शिक्षक स्पष्ट हुन आवश्यक छ । विद्यार्थीहरूको भाषिक क्षमताका आधारमा भाषिक सीपका तहहरू वा क्षेत्रहरू बीच भिन्नता छुटयाई तदअनुरुप शैक्षिक सामग्री प्रयोगमा जोड दिने कार्यमा शिक्षकहरूले सक्षमता प्रस्तुत गर्नुपर्दछ । प्रारम्भिक तह र कक्षामा भाषिक सीप अन्तर्गत सुनाइ र बोलाइ सीप विकासको उद्देश्य प्रमुख हुने भएको अवस्थामा शैक्षिक सामग्री अधिक आवश्यक हुने कुरालाई व्यावहारतः ग्रहण गर्न सक्नुपर्छ । शैक्षिक सामग्रीको उचित प्रयोग गरी कक्षा शिक्षणलाई प्रभावकारी बनाउँदै भाषिक सीप विकासमा कक्षा शिक्षण केन्द्रित गराउनु अहिलेको भाषा शिक्षणको मुख्य आवश्यकतालाई मनन गरिनुपर्छ । बालविकास कक्षामा सामग्री व्यवस्थापन र सुरक्षा गर्न, विद्यार्थी सङ्ख्याका आधारमा सामग्री कमी, कक्षाको भौतिक वातावरण प्रतिकूल लगायतका समस्याका बिच जेजस्ता सामग्री उपलब्ध छन् तिनको प्रयोग गरिनु पर्छ । यसक्रममा विद्यार्थी र शिक्षकमा समन्वय, स्थानीय सामग्रीको प्रयोगमा प्राथमिकता, भौतिक वातावरणमा सुधार लगायतका उपाय अपनाई नेपाली शिक्षणका क्रममा शैक्षिक सामग्रीको उपयोग गर्न सकिने देखिन्छ ।

विद्यालयमा दैनिक प्रयोग गरिने शैक्षिक सामग्री सेतो पाटी र मार्करकै प्रयोग अधिक मात्रामा भएको छ । प्रविधिगत शैक्षिक सामग्री प्रयोगको मात्रा सामान्य रहेको छ । उपलब्ध भएर पनि प्रयोग कम मात्रामा गरिनु शैक्षिक सामग्री प्रयोगसम्बन्धी दक्षता कम भएको ठहर्दछ । सङ्कलन गरिएका शैक्षिक सामग्री संरक्षण गर्ने कार्यमा विद्यालयले ध्यान नदिइएको, विद्यार्थी सङ्ख्याका कारण तिनको प्रयोग गर्न समस्या भइरहेको छ । शैक्षिक सामग्रीहरू हुँदाहुँदै पनि दैनिक प्रयोगका सामग्रीहरूबाहेक अन्य सामग्रीहरू प्रयोग गरी प्रयोगमूलक ढङ्गले शिक्षण गर्नुपर्ने देखिन्छ । शिक्षकहरूले आफूलाई अद्यावधिक राखी कार्यलाई अधिकतम प्रभावकारी तुल्याउन त्यसप्रति उत्तरदायी हुन आवश्यक छ । शैक्षिक सामग्रीको प्रभावकारी प्रयोगका लागि कक्षाकोठा व्यवस्थापनमा ध्यान दिनुपर्ने, बालबालिकाको रूचीअनुसारको सामग्रीहरूको व्यवस्थापन गर्नुपर्ने, शैक्षिक सामग्रीको प्रयोगको महत्त्वलाई आत्मसात् गर्नपर्ने देखिन्छ । शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग गर्दा सिकाइ दिगो र प्रभावकारी हुने कुरालाई व्यावहारिक रूपमा उतार्न सकिएको खण्डमा बालविकास कक्षामा गरिएको नेपाली भाषा शिक्षण सिकाइ उपलब्धिमूलक बन्नेछ ।

**सन्दर्भसामग्री**

खनाल, हरिबोल (२०७८), प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय सैद्धान्तिक आधार, http//www.CDC.com
निरौला, बोधराज (२०७०), शिक्षण श्रव्यदृष्य सामग्रीको प्रयोग र उपयोगिता, शिक्षक मासिक, ६(६२), ५०-५४ ।
नेपाल सरकार शिक्षा मन्त्रालय (२०५५), प्राथमिक शिक्षक तालिम पुस्तिका, सिंहदरवार, काठमाडौं ।
बराल, विष्णु (२०७८/७/२५), प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम, सानोठिमी भक्तपुर http//www.CDC.com
शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७३), नेपाली भाषा र साहित्य शिक्षण, विद्यार्थी पुस्तक भण्डार ।
Bishop, C. M. (2013). Model-based machine learning. *Philosophical Transactions of the Royal Society A: Mathematical, Physical and Engineering Sciences*, *371*(1984), 20120222.
Davar, M. (2012). *Teaching of science*. PHI Learning Pvt. Ltd..
Devangana, T. (2024). Teaching Aids types, importance Benefits https://www.suraasa.com/blog/teaching-aids
Kapur, R. (2019). Development of teaching-learning materials. *Unpublished manuscript*.
Leonard, S. M. (2024). *District-Wide Instructional Leadership for Literacy* [Doctoral dissertation] University of Wisconsin Madison.
Li, L., Junming, C., Yanfeng, G., & Qiaoxin, Y. (2024). The Effect of Instructional Materials on Reading Proficiency among Primary Students in Government Schools. *British Journal of Teacher Education and Pedagogy*, *3*(2), 180-202.
Oti, C. J., Ifelunni, C. O., Eze, K. O., Okon, O. E., Oti, O. G., Patrick, C. P., & Ngwoke, A. N. (2024). Teachers' perspectives on early childhood education curriculum 21st century. Community Practitioner, 21(6), 2439-2453. DOI: 10.5281/zenodo.12580133
Padmanabhan, A. (2024). *Environmental Studies (UGC Syllabus)*. Prowess Publishing.